# सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारको १०० दिनमा सम्पन्न भएका महत्वपूर्ण कार्यहरु र हासिल भएका उपलब्धिहरुको सारांश

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको नेतृत्वमा सम्वत २०७४ जेठ २४ गते गठन भएको सरकारको सय दिन पूरा भएको छ । मुलुकमा जारी भएको नेपालको संविधान कार्यान्वयनको सिलसिलामा आवश्यक पर्ने सबै तहको निर्वाचन समयमै सम्पन्न गर्नुपर्ने मूल जिम्मेवारीका साथ सरकारले कार्यभार सम्हालेपछि आफ्ना विभिन्न आठवटा प्राथमिकता निर्धारण गरी कार्यारम्भ गरेको थियो । निर्धारित प्राथमिकतामा केन्द्रित रही सय दिनको अवधिमा सरकारले सम्पादन गरेका प्रमुख कार्यहरु र हासिल गरेका प्रमुख उपलब्धीहरु देहाय बमोजम रहेका छन् :

- **सरकारको महत्वपूर्ण कार्यको प्राथमिकीकरण :**

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले २०७४ साल जेठ २४ गते पदवहाली गरेपछि पहिलो मन्त्रिपरिषद्को बैठकले देहाय अनुसार सरकारका प्राथमिकता तोकी कार्यारम्भ गरेको थियो ।

क) संविधान कार्यान्वयन र सङ्क्रमणकालीन व्ववस्थापन ।
ख) स्थानीय तहको दोस्रो चरणको निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्ने ।
ग) २०७४ साल माघ ७ गतेभित्र सङ्घीय संसद र प्रदेश सभाको निर्वाचन सम्पन्न गर्ने ।
घ) पुनर्निर्माण कार्यलाई प्रभावकारी र तीव्र बनाउने ।
ङ) सार्जवनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
च) आर्थिक समृद्धि ।
छ) शान्ति सुरक्षाको प्रत्याभूति र दैनिक जीवनसँग सम्बन्धित आपूर्ति व्यवस्था सहजीकरण।
ज) शान्ति प्रक्रियालाई पूरा गर्ने ।

- **<u>संविधानको क्रमिक कार्यान्वयन :</u>**

क) स्थानीय तहको दोश्रो चरणको निर्वाचन सरकारले घोषणा गरी २०७४ असार १४ गते निष्पक्ष र भयरहित वातावरणमा सफलतापूर्वक निर्वाचन सम्पन्न गरेको छ ।

ख) संविधान संशोधन विधेयकलाई मतदानका लागि व्यवस्थापिका संसदमा प्रस्तुत गर्दै मधेस केन्द्रित सम्पूर्ण राजनैतिक दलको सहभागिता सुनिश्चित गर्दै असोज २ गते तेस्रो चरणको निर्वाचन गर्ने गरि मिति घोषणा एवं निर्वाचनका लागि सम्पूर्ण तयारी पूरा गरेको छ ।

ग) सरकारले संघीय, प्रतिनिधि सभा र प्रदेश सभा समयमै सम्पन्न गर्ने गरी आगामी मंसिर १० र २१ गते दुई चरणमा एकसाथ निर्वाचन गर्ने मिति घोषणा गरेको छ । निर्वाचनको आवश्यक तयारी र व्यवस्थापन गरिरहेको छ ।

- **<u>निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन :</u>**

तोकिएको मितिमा संघ र प्रदेशको निर्वाचन सम्पन्न गर्ने प्रयोजनार्थ सरकारले सर्वोच्च अदालतका पूर्व न्यायाधीस श्री कमलनारायण दासको अध्यक्षतामा निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरी मूलत: जनसंख्या र त्यसपछि भौगोलिक क्षेत्रलगायतका आधारमा प्राप्त सिफारिस बमोजिम संघको १६५ र प्रदेशको ३३० निर्वाचन क्षेत्र निर्धारण गर्ने कार्य पूरा गरेको छ ।

- **<u>निर्वाचन सम्बन्धी कानूनको निर्माण:</u>**

संघीय प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि आवश्यक उद्देश्य बमोजिम ऐनहरु जारी भएका छन् :

क) प्रतिनिधि सभा सदस्य निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

ख) प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

ग) राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

घ) राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

- **<u>विपद् व्यवस्थापन, राहत वितरण, उद्धार र पुनर्स्थापना सम्बन्धी कार्य :</u>**

सरकारले आफ्नो प्राथमिकता बमोजिमका कार्यहरु सम्पादन गर्दै जाँदा मुलुक र मुलुक बासीहरुले अचानक गम्भीर प्रकृतिको प्राकृतिक प्रकोपको समेत सामना गर्नुपर्यो ।२०७४ श्रावण महिनाको अन्तिम हप्तामा परेको अबिरल बर्षाका कारण मुलुकका विभिन्न भागमा आएको बाढी, पहिरो र डुबानले अस्तव्यस्त भएको जनजीवनलाई सामान्यीकरण गर्न तत्काल राहत, उद्दारर पुनर्स्थापना कार्यमा केन्द्रीत रह्यो ।

तराई मधेस लगायत मुलुकका विभिन्न स्थानमा आएको बाढी,पहिरो र डुबानबाट पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउँदै उद्दार कार्यलाई तिब्रता दिई प्रकोपमा परी मृत्युहुनेहरुको नजिकको हकदारलाई २ लाख रुपियाँ नगद आर्थिक सहायता गर्ने र सरकारले घाइतेहरुको निशुल्क उपचार गराउने व्यवस्था मिलाएको छ ।

सरकारबाट बाढी पहिरो तथा डुबान पिडितलाई थप राहत तथा ऋण उपलब्ध गराउने व्यवस्था मिलाईएको । बाढी पिडित तथा डुबान पिडितहरुलाई खाद्यान्न बापत प्रति व्यक्ति प्रतिदिन रु. ७०/- का दरले नगद राहत उपलब्ध गराउने गरी रु. ९७ करोड ७० लाख जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराईएको ।

- **<u>उच्चस्तरीय भ्रमणको आदान प्रदान, द्विपक्षीय,क्षेत्रीय कुटनैतिक सम्बन्ध विकास, महत्वपूर्ण सम्झौता सहमती र समझदारी निर्माण एवं सुदृढ आपसी सम्बन्ध विकास</u>**

सरकारले यस अवधीमा छिमेकी मुलुकहरु भारत र चीन लगायत अन्तर्राष्ट्रिय मञ्चमा उच्च स्तरमा भ्रमणको आदानप्रदान गरेको छ । यसबाट छिमेकी मुलुक एवंअन्तर्राष्ट्रियस्तरसँग आपसी कुटनैतिक सम्बन्ध अझ बढी सुदृढ र उन्नत बनाउन मद्दत पुगेको छ । यस अवधिमा उच्चस्तरमा भएका देहायका भ्रमणहरु महत्वपूर्ण र उल्लेखनीय रहे :

क) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले २०७४ आषाढ १ मा स्वीजरल्याण्डको जेनेभामा आयोजित **World of Work Summit** मा सहभागी भई सम्मेलनलाई सम्बोधन गर्दै नेपालले श्रमिक र खास गरी महिला श्रमिकहरुका सम्बन्धमा गरेका प्रगतिहरुको बारेमा विश्व समुदायलाई जानकारी गराउनु भयो ।

ख) सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुन चीन सरकारको निमन्त्रणामा चीनको गान्सु प्रान्तको लान्जाउमा आयोजित लगानी तथा व्यापार मेलामा आयोजित समारोहलाई २०७४ आषाढ २३ गते सम्बोधन । दुई देश बीचको व्यापारिक तथा कुटनैतिक सम्बन्ध विस्तारमा महत्वपूर्ण योगदान ।

ग) सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाले मित्रराष्ट्र भारतमा महामहीम प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमन्त्रणामा यही २०७४ भदौ ७ देखि ११ गते सम्म भारतको राजकीय भ्रमण गर्नु भयो । भ्रमण अवधिमा नेपाल र भारतबीच विभिन्न आठवटा समझदारी पत्र एवं सम्झौतामा हस्ताक्षर भएको छ । साथै भ्रमणबाट दुई देशवीच विश्वासको अभिबृद्धि गर्न नेपालको सामाजिक,आर्थिक विकासका लागि उर्जा, व्यापार, कनेक्टिभिटी पर्यटन जस्ता महत्वपूर्ण क्षेत्रमा सहयोग अभिबृद्धि गर्न एवं विगतमा सहमतीमा पुगेका ठूला आयोजनाहरुको शिघ्र कार्यान्वयन गर्न सकारात्मक वातावरण निर्माण गर्न मद्दत पुगेको छ ।साथै नेपालको राष्ट्रिय योजना आयोग र भारतको नीति आयोग बीच वार्षिक रुपमा नीति सम्वादको कार्य थालनी गर्ने समझदारी भएको छ ।

घ) माननीय उपप्रधान तथा परराष्ट्र मन्त्री श्री कृष्ण बहादुर महराले आषाढ २ देखि ४ गते सम्म छिमेकी मित्रराष्ट्र भारत एवं यही भदौ २१ देखि २६ गते सम्म छिमेकी मित्रराष्ट्र चीनको भ्रमण गर्नु भयो । साथै नेपाल सरकारको मैत्रीपूर्ण निमन्त्रणामा चिनिया उपप्रधानमन्त्री महामहीम वाङ्ग याङ्गले २०७४ साउन ३१ देखि भदौ १ गते सम्म नेपालको औपचारिक भ्रमण गर्नु भएको छ । भ्रमणका दौरान व्यापार,लगानी र प्राविधिक सहयोग सम्बन्धी ३ वटा सम्झौताहरुमा हस्ताक्षर भएको छ । उच्च स्तरमा भएका यी भ्रमणहरुबाट छिमेकी मुलुकहरुबीच आपसी सम्बन्ध अझ बढी सुदृढ र मजबुत बनाउनमा सहयोग पुगेको छ ।

ङ) BIMSTEC को पन्धौं परराष्ट्र मन्त्रीस्तरीय बैठक र अठारौं परराष्ट्र सचिवस्तरीय बैठक काठमाण्डौमा अगस्त १०-११, २०१७ (२०७४ साउन २६-२७) मा सम्पन्न भयो । उक्त बैठकको उद्घाटन सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले गर्नुभयो । उक्त बैठकले BIMSTEC अन्तरगतका चौधवटै सहयोगका क्षेत्रमा भएको प्रगति समीक्षा गर्नुका साथै यस अन्तरगतका सम्झौता/परियोजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि प्रतिवद्धता व्यक्त गर्‍यो । साथै, BIMSTEC को चौथो शिखर सम्मेलन सबै सदस्य राष्ट्रहरुलाई उपयुक्त हुने मितिमा काठमाण्डौमा गरिने निर्णय समेत भयो । यसबाट नेपालको क्षेत्रीय मञ्चहरुमा

प्रभावकारिता वृद्धि हुनाका साथै क्षेत्रीय सम्मेलन आयोजना गर्ने सम्बन्धमा अनुभव प्राप्त भएको छ।

- **भूकम्पपछिको पुनर्निर्माण**

सरकारले भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण कार्यलाई तिब्रता दिँदै देहाय बमोजिम कार्य सम्पादन गरेको छ:

- यस अवधिसम्म १ लाख २३ हजार ५२० निजी घरहरु वन्दै गरेका र ४७ हजार ६ सय १३ घरको निर्माण सम्पन्न भईसकेको छ ।
- निजीआवास अनुदान वितरण अन्तर्गत भएको प्रगती यस प्रकार छ:-

| सि.नं. | विवरण | आ.व. २०७४/०२/२४ सम्मको प्रगति | ०७४/०५/२६ सम्मको प्रगति | यस अवधिमा मात्र भएको प्रगति |
|---|---|---|---|---|
| १ | जम्मा लाभग्राही | ७,४३,९१२ | ७,६५,६१८ | २१,७०६ |
| २ | अनुदान सम्झौता | ५,९९,२७५ | ६,३७,२४० | ३७,९६५ |
| ३ | पहिलो किस्ता वितरण | ५,६७,१२३ | ६,०६,१३० | ३९,००७ |
| ४ | दोस्रो किस्ता वितरण | २२,४७७ | ६७,७०६ | ४५,२२९ |
| ५ | तेस्रो किस्ता वितरण | १,२२५ | ४,९११ | ३,६८६ |

- सिंहदरवार मुलभवनको पश्चिम मोहडा संरक्षणका लागि Scapfolding को कार्य सम्पन्न भएको र प्रवलीकरण प्रकृया सुरु भएको ।
- हालसम्म विश्व सम्पदा सूचिमा रहेका र नरहेका गरी ५६ वटा सम्पदाहरु पुनर्निर्माण कार्य सम्पन्न भइसकेको र अन्य १११ को पुनर्निर्माण जारी रहेको ।
- हालसम्म पुनर्निर्माण सम्पन्न भएका विध्यालयहरुको संख्या २४५६ र स्वास्थ्य संस्थाहरुको संख्या २३० रहेको ।
- ५० वटा स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण कार्य विगत ३ महिनाको अबधिमा सम्पन्न भएको ।

- १२८ सरकारी भवनकोपु नर्निर्माण हुदै गरेको र ९८ भवनको पुनर्निर्माण सम्पन्न भईसकेको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको भारतको राजकीय भ्रमणको अवसरमा भारत सरकारसंग शिक्षा, स्वास्थ्य, सम्पदा र निजी आवास पुननिर्माणतर्फ २५० मिलियन अमेरिकी डलर वरावरको अनुदान सहायता अन्तर्गतका महत्वपूर्ण ४ वटा सहयोग सम्झौता सम्पन्न भई कार्यान्वयनको प्रकृया शुरु भएको ।
- नेपालको ३ दिने भ्रमणमा रहनुभएका चिनिया उप-प्रधानमन्त्रीज्यूको भ्रमणको अवसरमा वसन्तपुर दरवार क्षेत्रमा अवस्थित ९ तले दरवारको पुनर्निर्माणको शीलान्यास भई औपचारिकरुपमा कार्य अघि वढेको ।
- भूकम्पबाट क्षतिग्रस्त भएका खानेपानी आयोजना मध्ये ९२ आयोजनाको पुननिर्माणको कार्य सम्पन्न भएको र यसबाट १२,९२४ घरधुरीका ७७,०७७ जनता लाभान्वित भएका ।
- भूकम्प वाट प्रभावित जिल्लाका घरपरिवारहरुलाई १६,५०० सुधारिएको चुलो, १८,००० सौर्य प्रणाली वितरण तथा ३१ वटा संस्थागत सुधारिएको चुलो जडान भई ती घरपरिवार तथा संस्थामा उर्जाको पहुँच पुगेको।

- <u>आर्थिक समृद्धि</u>

**क. अर्थ र वित्त**

- आर्थिक वर्ष २०७४/७५ का लागि रु १२ खर्ब ७८ अर्ब ९९ करोडको बजेट जेठ १५ गेत व्यवस्थापिका-संसद्मा प्रस्तुत भएकोमा वजेटसँग सम्बन्धित बिनियोजन विधेयक, आर्थिक बिधेयक, राष्ट्र ऋण उठाउने विधेयक २०७४ असार ३० गते स्वीकृत भई साउन १ गते देखि बजेट कार्यान्वयनमा आएको।
- आ.व. २०७४/७५ को वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन जारी गरिएको।
- विनियोजन ऐन,२०७४ को दफा ४ को उपदफा ३ बमोजिम स्थानीय तहले पाउने गरी सम्बन्धित संचितकोषमा २०७४ श्रावण १ गते एक तिहाई रकम अर्थात करिव रु ७५ अर्ब हस्तान्तरण गरिएको।स्थानीय तहलाई हस्तान्तरण गरिएको रकम फ्रिज नहुने ब्यबस्था मिलाईएको ।

- स्थानीय तहको बजेट कार्यान्वयनका लागि संघीय सरकारबाट अनुदानको रुपमा हस्तान्तरित र स्थानीय तहको आन्तरिक स्रोत समेत कायम गरि निर्माण गरिएको बजेट खर्च लाई व्यवस्थित तुल्याउन र सवै स्थानीय तहहरु बिच एकरुपता ल्याउने उद्देश्यले स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक ब्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ कार्यान्वयनमा ल्याइएको।
- पाँचौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना, २०१७-२०२१ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको ।
- निकासी पैठारी व्यापारलाई व्यवस्थित गर्न सम्वन्धित व्यवसायिहरुलाई आयात निर्यात संकेत नम्बर (EXIM CODE) प्रदान गर्ने काम शुरु गरिएको ।
- यस अवधिमा करिब ४० हजार नयाँ करदातालाई करको दायरामा ल्याईएको।
- संयुक्तराज्य अमेरिकाले The Millennium Challenge Corporation (MCC) मार्फतविद्युत प्रशारण लाइन तथा सडक क्षेत्रका आयोजनाहरु कार्यान्वयन गर्न करिव ५०० मिलियन अमेरिकी डलर (करिव रु ५० अर्ब) अनुदान सहायता उपलब्ध गराउने निर्णय भएबमोजिम नेपाल सरकार र अमेरिकी सरकार बीच सम्झौता हुने चरणमा रहेको।नेपाल सरकारको तर्फबाट १५० मिलियन अमेरिकी डलर थप हुने ।
- रु. १० लाख भन्दा बढीको नगद कारोबार गर्न नपाउने व्यवस्था गरेको ।वाणिज्य बैंकहरूले विपन्न वर्गमा प्रवाह गर्ने कर्जामध्ये २ प्रतिशत कर्जा बैक स्वयमले प्रत्यक्ष रुपमा बिपन्न वर्गमा लगानी गर्नु पर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी, व्यावसायिक कृषि परियोजनाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने रु. १० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था मिलाइएको ।
- समष्टिगत विवेकशील नियमनमार्फत वित्तीय स्थायित्व कायम गर्न वाणिज्य वैंकहरूले कुल निक्षेपमा संस्थागत निक्षेपको अंश घटाउने, शेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको सुरक्षण वापत शेयरको मूल्याङ्कन कम गर्ने, रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात घटाउने, नगद कारोबारको सीमा कम गर्ने जस्ता व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।
- वित्तिय पहुँचको अभिवृद्धि गर्न मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रका साथै भूकम्पबाट अति प्रभावित क्षेत्रमा बैंक तथा वित्तिय संस्थाका शाखा खोल्ने, बिस्तारित कक्ष

(Extension Counter) रशाखारहित बैंकिङ्क (Branchless Banking) सुविधा पु-याउने कार्यलाई तीव्रता दिइएको छ ।

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०३/२९ को निर्णयानुसार नेपाल राष्ट्र बैंकको पुँजी वृद्धि गरी दुई अर्व पुर्याइएको।
- बोनस (पांचौं संशोधन) विधेयक, २०७३,मन्त्रिपरिषदबाट स्वीकृत भइ व्यवस्थापिका संसदमा पेश भएकोमा २०७४ साउनमा पारित भएको। योगदानमुलक निवृत्तिभरण सम्बन्धि कानुनको मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद)बाट स्वीकृत भएको।
- संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासन, अन्तर सरकारी वित्तीय व्यवस्थापन, नेपाल सरकारले संघीय संचित कोषबाट प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान, प्रदेश र स्थानीय तहको बजेट पेश गर्ने समय र वित्तीय अनुशासन विषयहरु समाबेश भएको अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐनको मस्यौदा तयार गरी व्यवस्थापिका संसदमा पेश भएको । साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश गरिएको।केन्द्रीय राजस्व बोर्ड गठन विधेयककोमस्यौदा गरी परिमार्जनका लागि नेपाल कानुन आयोगमा पठाईएको।

**ख. उद्योग तथा वाणिज्य**

- विशेष आर्थिक क्षेत्र नियमावली २०७४ स्वीकृत गरिएको
- सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको अवसरमा उद्योग मन्त्रालय, गुणस्तर तथा नापतौल संग सम्बन्धित "Agreement on Cooperation in the field of Standardization and Conformity Assessment " MoU मा नेपाल र भारत सरकार विच हस्तक्षर भएको छ |
- जियोलोजिकल म्युजियमको लागि भौगर्भिक बनोटको चट्टानको नमूना संकलन तथा नवलपरासी देखि रुपन्देही सम्म भूकम्पिय अध्ययन कार्यको लागि **Active fault Mapping** कार्यसम्पन्नभएको।
- नेपाल गुणस्तर तथा नापतौल विभागमा **Packaging Material Testing , Nepal Standards time** प्रयोगशाला स्थापना गरिएको छ |

## ग. उर्जा

- कटैया-कुशाहा तथा रक्सौल परवानीपूर १३२ के. भि. प्रसारण लाईन निर्माण सम्पन्न भई थप १०० मे. वा. आयात गर्न सकिने भएको। उक्त प्रसारण लाइनहरु सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको अवसरमा दुबै देशको प्रधानमन्त्रीबाट संयुक्त रुपमा उद्घाटन भएको।
- चीन सरकारसँग ऊर्जा क्षेत्रको पारस्परिक सहयोग सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding, MoU) मा हस्ताक्षर भएको।
- विद्युत उत्पादन कम्पनीले आयोजना विकासकोलागि किमाथाङ्का अरुण, जगदुल्ला हाईड्रोपावर, फुकोट कर्णाली विद्युत उत्पादन लगायतको आयोजनाहरुले विद्युत विकास विभागबाट सर्वेक्षण अनुमति पत्र प्राप्त गरेको।

## घ. कृषि

- १०हे.क्षेत्रफलका २१ पकेट, १०० हे. क्षेत्रफलका १५० ब्लक, ५०० हे.क्षेत्रफलका ३० जोन र १००० हे. क्षेत्रफलका ७ सुपरजोनमा उत्पादनका लागि आवश्यक पर्ने विविध सामग्रीहरुको ब्यवस्थापन देखी लिएर उत्पादित सामग्रीहरुको प्रशोधन र बजारीकरणका कृयाकलापहरु संचालन भै गत आ ब देखी प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना संचालनमा आएको छ। ब्यवसायिक कृषि उत्पादनका विभिन्न आकारका पकेट ब्लक जोन र सुरपरजोनहरुमा संचालन भएको सो परियोजनाको उपलब्धिहरु यस प्रकार रहेका छन:-
- १५ जिल्लाहरुमा ८५० हेक्टरमा ५० प्रतिशत अनुदानमा मत्स्य पोखरी निर्माण भएको छ। साथै नुवाकोट जिल्लामा ब्लक कार्ययक्रम अन्तरगत ६८ वटा रेन्वो ट्राउट रेसवे निर्माण भएका छन् ।

- नेपाल सरकारका मन्त्रालय/निकायहरुको प्रतिवर्ष बेरुजु रकम बृद्धि हुँदैं गईरहेको साथै पूँजीगत खर्चको अवस्था समेत सन्तोषजनक नभएको अवस्थामा आ.व. २०७४/७५मा बेरुजु फर्छयौंटलाई थप प्रभावकारी बनाउन तथा विकास निर्माणका कार्यलाई बढी प्रभावकारी बनाई पूँजीगत खर्चको मात्रा तथा प्रभावकारिता बढाउने एवं गुणस्तरीय रुपमा समयमै कार्य सम्पन्न गर्न ठोस कार्ययोजना तयार गरी

कार्यान्वयन गर्न गराउन नेपाल सरकारका सबै केन्द्रिय निकाय/मन्त्रालयहरुलाई निर्देशन दिईएको छ।

## ङ. सहरी विकास

- राष्ट्रिय सहरी विकास रणनीति (NUDS) २०७३ स्विकृत भई कार्यान्वयनमा आएको छ । योजनाबद्ध र व्यवस्थित शहरीकरणको लागि यो रणनीतिले मार्गदर्शन गर्ने अपेक्षा राखिएको छ ।
- संविधानमा मौलिक हकको रुपमा स्थापित आवासको सुविधामा सबै जनताको पँहुच पुऱ्याउन ग्रामिण स्तरमा अल्पसंख्यक, पिछडिएका, दलित, लोपोन्मुख, वृद्ध, असक्त र सिमान्तकृत वर्गको लागि संचालित जनता आवास कार्यक्रमलाई व्यवस्थित बनाई सफलतापूर्वक कार्यान्वयन गर्न "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७३" तयार गरी विकेन्द्रित रुपमा कार्यक्रम कार्यान्वयनमा लगिएको छ ।
- वस्ती विकास मापदण्ड २०७२ स्वीकृत भई लागु भएको।
- ठूला सहर (Mega city) आर्थिक करिडोर शहर, स्मार्ट सहर लगायतका सहरीकरणका नविनतम अवधारणाहरुलाई योजनाबद्ध रुपमा अगाडि बढाउन, सहरीकरणका लागि आवश्यक आयोजनाहरुको पहिचान गरी सहरी विकास सम्वन्धी आयोजना बैंक तयार गर्न एवं सहरीकरण सम्वन्धी नीतिगत, प्राविधिक एवं कार्यविधिगत विषयमा अध्ययन एवं अनुसन्धान गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत सहरी योजना तथा विकास केन्द्र **(UPDC)** स्थापना गरी कार्य अगाडी बढाईएको ।

## च. .सिंचाई

- भेरी बबइ डाइभर्सन आयोजनाः
  - Starter Tunnelको अन्तिम २५ मिटरको निर्माण कार्य सम्पन्न भएको ।
  - निर्माण स्थलको पहुच मार्ग (Access Road)को कार्य सम्पन्न भएको ।
  - सुरुगं (Tunnel) लाइ लाइनिगं गर्नको लागि आवश्यक पर्ने Segment को उत्पादन (Production)कार्य शुरु भएको ।

- Tunnel Boring machine (TBM)को केहि भागहरु (parts)निर्माणस्थलमा आइसकेको र अन्य भागहरुको आउने क्रम जारी रहेको । निर्माणस्थलमा आइसकेको भागहरुको जडान कार्य शुरु भइसकेको ।

- सुनसरी मोरगं सिचाइ आयोजनाको यहि श्रावणमा आएको अविरल बर्षाबाट क्षतिग्रस्त संरचनाहरुको अति आवश्यक मर्मत कार्य गरी मुल नहरको ४२ कि.मि. सम्म नहर संचालन गरी कृषकलाइ सिचाइ सुविधा उपलव्ध गराएको ।
- चन्द्र नहरमा भएको क्षतिलाइ अति आवश्यक मर्मत गरी करिव ३५०० हे. जमिनमा सिचाइ सुविधा उपलव्ध भएको छ भने कोशि वितरण प्रणालीको पनि मर्मत कार्य भइ ८००० हे मा कृषकलाइ सिचाइ सुविधा उपलव्ध गराएको ।

**छ. संचार**

- मन्त्रालयबाट नेपालभरिकै प्रसारण संस्था (एफ एम, टेलिभिजन, केवल टेलिभिजन) हरुलाई वितरण गरिएका अनुमतिपत्र अनुसार प्रसारण संस्थाहरुको अवस्थिति र डिजिटल प्रणालीबाट अभिलेखीकरण गर्न GIS Mapping गर्ने कार्यको शुरुवात गरिएको ।
- मध्यपहाडी लोकमार्गमा अप्टिकल फाइवर विछ्याउने उद्देश्य अनुरुप मध्यपहाडी लोकमार्गको पश्चिम खण्ड (प्रदेश नं. ४/५ अन्तर्गतका क्षेत्र), गोरखाको आरुघाट देखि रुकुम सम्म, सो आसपासका जिल्ला सदरमुकामहरु र नगरपालिका तथा उक्त क्षेत्रमा पर्ने उत्तर दक्षिण राजमार्ग हुँदै पुर्व पश्चिम राजमार्ग जोड्ने गरी Network विस्तार गर्न सम्झौता भई कार्य अगाडि बढेको । त्यसैगरि प्रदेश नं. ६ र ७ को लागि पनि सम्झौता भई कार्य अगाडी बढेको ।

**ज. स्थानीय पूर्वाधार विकासः-**

- सार्वजनिक तुईनलाई झोलुङ्गेपुलवाट विस्थापित गर्नका लागि हालसम्म २३ वटा झोलुङ्गेपुल निर्माण सम्पन्न भएका र बाँकी झोलुङ्गे पुलहरूनिर्माणको प्रकृयामा रहेको ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) (सातौं संशोधन) नियमावली २०७४ स्वीकृत गर्ने, निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली २०७४ स्वीकृत गर्ने।

- पूर्वाधार विकास तर्फ ३७८ वटा झोलुङ्गेपुल, ४७४ कि.मि. कच्ची माटे सडक,७५०० कि.मी. सडक (नियमित) मर्मत सम्भार, ३७५ कि.मि. ग्राभेल, १८ कि.मी. कालो पत्रे, ६२ वटा सडक पुल र १४० वटा खानेपानी योजना निर्माण सम्पन्न गरिएको ।

## झ. भौतिक पूर्वाधार र सडक

- सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट सुदुरपश्चिममा रहेको चाँदनी र दोधारा जोड्ने महाकाली नदीमा हालको सस्पेन्सन व्रिजको २।५(साढे दुई) कि.मी. माथि **(Upstreamमा)** चार लेनको पक्की पुल निर्माणको शिलान्यास कार्य सम्पन्न भएको छ ।
- तराई क्षेत्रमा रहेका पुराना वस्तीहरु जोड्ने महत्वपूर्ण सडक हुलाकी राजमार्गको दोश्रो खण्डको निर्माण कार्य प्ररम्भ भएको छ ।यस सडक खण्डको निर्माणले उक्त राजमार्ग आसपासका वासिन्दाहरुको सामाजिक आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने छ ।
- सरकारले सय दिनमा हासिल गरेको मुख्य मुख्य कामहरुको उपलब्धीहरु अनुसूचीमा संलग्न छ ।
  - यसै १०० दिन अन्तर्गत पर्ने आ.व. २०७३/७४ कोअसार मसान्तसम्ममा सडक विभाग अन्तर्गत करिब ९५०० कि.मी. सडकको नियमित तथा ९२०० कि.मी. पटके मर्मत संभार कार्यको लागि ठेक्कापटा गरि सडक मर्मत संभार कार्य भएको।साथै चालु आ.व. २०७४/७५ मा पनि सो सडकहरुमा नियमित मर्मत सम्भार भैरहेको र पटके मर्मत को लागि ठेक्का व्यवस्थापन कार्य भैरहेको छ।
  - भारतीय नाकाहरूलाई पूर्व'पश्चिम राजमार्गसंग जोडी उपभोग्य वस्तुहरूको परिवहनमा सहजता ल्याउन व्यापारिक मार्ग विस्तार कार्यक्रम अन्तगत ६ लेनमा सडक विस्तार गर्ने कार्यक्रम अन्तर्गत
    - ❖ वेलहिया'बुटवल सडकको सम्पुर्ण खण्ड २४ कि.मि. सडकलाई ६ लेनमा विस्तारको लागि ठेक्कापट्टा व्यवस्थापन सम्पन्न भइ निर्माण भैरहेको छ ।

- ❖ रानी‘विराटनगर‘ईटहरी सडकको ३५ कि.मि. विस्तारको लागि ठेक्कापट्टा व्यवस्थापन सम्पन्न भई  द्रुत गतिमा निर्माण भैरहेको छ ।
  - ❖ विरगंज‘पथलैया सडक (२८ कि.मि.) सडक विस्तार कार्यको ठेक्का व्यवस्थापन भई  द्रुत गतिमा निर्माण भैरहेको छ ।
  - ❖ जटही‘जनकपुर‘ढल्केवर १३.८ कि.मि. सडकको विस्तार कार्य सुचारु रहेको छ । जनकपुर‘ढल्केवर खण्ड २३ कि.मि ठेक्कापट्टा व्यवस्थापन भई कार्य शुरु हुने अबस्थामा रहेको छ ।
  - ❖ मोहनापुल अतरिया खण्ड १३ कि.मि ठेक्कापट्टा व्यवस्थापन भई कार्य शुरु हुने अबस्थामा रहेको छ।
  - ❖ आ.व. २०७३/७४ असार मसान्तसम्ममा उक्त शिर्षकमा जम्मा ५.३ कि.मी. कालोपत्रे सम्पन्न भएकोछ भने चालु आ.व.मा हालसम्म निर्माण कार्य सुचारु रहेको छ।
- **जाजरकोट-डोल्पा (दुनै) सडक आयोजना(११७.७७ कि.मि.).** डोल्पा जिल्लाको त्रिवेणी ईलाकामा १० कि.मि. रक कटिङ्ग कार्यलाई प्रभावकारी बनाईएको । उक्त सडक खण्डको कुल ११७.७७ कि.मि.मध्ये हालसम्म १०९.७ कि.मि. ट्र्याक खोलिएको ।
- **काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग (७६.२ कि.मि.)**मन्त्रिपरिषदबाट कार्यविधि स्वीकृत भएको र उक्त सडक खण्ड निर्माण कार्यको लागि ५ ठाउंमा फौज परिचालन भई ढुङ्गा, माटो र पहिरो पन्छाउने कार्य भइरहेको ।
- सवारी साधनहरुमा २०७४ भदौ १ बाट इम्बोस्ड नम्बर प्लेट लागू गरिएकोछ । सवारी चालक अनुमतिपत्रलाई स्मार्ट कार्डमा रुपान्तरण गर्ने कार्यलाई निरन्तरता दिँदै सवारी धनी प्रमाणपत्रलाई समेत स्मार्ट कार्डमा रुपान्तरण गरिने कार्य अगाडी बढीरहेकोछ ।

**ञ. लेखा सुदृढीकरण**

- नेपाल सरकारले आर्जन गर्ने सवै प्रकारका राजस्वहरुको विवरण कम्प्युटर प्रणालीमा अभिलेखन गर्ने गरी ५० जिल्ला तथा वैदेशिक नियोगहरुमा राजस्व ब्यवस्थापन सूचना प्रणाली (Revenue Management Information

System(RMIS) लागू गरिएकोमा चालु आर्थिक वर्ष २०७४/७५ देखि सबै जिल्लामा कार्यान्वयन भइरहेको छ ।

- सबै (७९) कोष तथा लेखा नियन्त्रक कार्यालयहरु तथा अन्य केही कार्यालयहरुमा सन्चालनमा रहेको कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखा प्रणाली (Computerized Government Accounting System (CGAS)लाइ थप विकास गरी चालु आर्थिक वर्ष २०७४/७५ देखि सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरु र शिक्षा कार्यालयहरुमा सन्चालन गर्न गैरहेको छ ।
- संघ, प्रदेश र स्थानीय तह तीनै वटामा एकै प्रकारको आर्थिक संकेत तथा बजेट बर्गिकरणको व्यवस्थाका लागि खाता सूची (Chart of Accounts)को तर्जुमा गरी स्वीकृतिको क्रममा छ ।

- **<u>सार्वजनिक सेवा वितरण र सुशासन</u>**
  - वर्षातले क्षति पुर्याएको काठमाण्डौं उपत्यका लगायत देशभरका सडकहरु मर्मत र स्तर उन्नति गरी सार्वनिक आवागमन सहज बनाउन सम्माननीय प्रधानमन्त्रीज्यूबाट निर्देशन बमोजिक कार्य गरिएको ।
  - दुई नम्बर प्रदेशमा निर्वाचनका लागि निर्वाध आवागमन गर्ने गरी बाढीबाट क्षतिग्रस्त सडकहरुको मर्मत सम्भारका लागि नेपाली सेनालाई जिम्मेवारी दिई सो कार्य सम्पन्न भएको ।
  - राष्ट्रिय सदाचार नीति, २०७४ को मस्यौदा प्रतिवेदनलाई थप छलफल/अन्तरक्रिया गरीपरिमार्जन गरिएको र कार्यदलले पुन दफावार रुपमा छलफल गरी नीतिलाई अन्तिम रुप दिईएको। परिमार्जित **राष्ट्रिय सदाचार नीति**, **२०७४** सम्वन्धमा राय प्रतिक्रियाको लागि अर्थ मन्त्रालयमा र सैद्धान्तिक सहमतिका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखि पठाईएको ।
  - राहदानी उत्पादन, वितरण लगायतका सेवाप्रवाहमा निरन्तर सुधार, अनुगमन, आन्तरिक एवम् नेपाल गुणस्तर तथा नापतौल विभागबाट तोकिएका वाह्य अडिटरहरुद्वारा विभागबाट प्रवाह भैरहेको सेवाका सम्बन्धमा वाह्य परीक्षण समेत

गरी विभागबाट उपलव्ध हुँदै आएको छिटो छरितो, पारदर्शी, जवाफदेही, उत्तरदायी, सेवाग्राहीमैत्री र अनुमानयोग्य सेवाप्रवाहको परिमाणस्वरुप गुणस्तरीय व्यवस्थापन प्रणाली अन्तर्गत NS/ISO ९००१:२०१५ प्रमाणपत्र प्राप्त गर्ने राहदानी विभाग पहिलो र हालसम्मको एक मात्र सरकारी कार्यालय बन्न पुगेको छ । यसबाट राहदानी सेवा चुस्त हुनाका साथै राहदानी सेवाको प्रभावकारिता अझ बढेको छ ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता हुन आएका उजुरीहरु मध्ये २,४१३ वटा उजुरीहरु फछ्र्यौट गरिएको, उक्त उजुरी मध्ये १७० जना प्रतिवादी कायम गरी ५३ वटा मुद्दा विशेष अदालतमा दर्ता गरिएको र उक्त मुद्दाहरुमा विगो रकम रु. १,६५,७२,७०,०१४।५० माग दावी लिइएको ।

- <u>खानेपानी</u>

**मेलम्ची खानेपानी आयोजना तर्फ**

- ❖ यस अवधीमा १२९२ मीटर सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको। हालसम्ममा २७५८४ मी. मध्ये २५७४०मिटर सुरुङ्ग खन्ने कार्य सम्पन्न भएको।साथै, सिन्धु अप तथा अम्बाथान अपबाट १०९० मीटर फाइनल सपोर्ट गरि जम्मा १०६६ मी. इन्भर्ट लाइनिङ्गको कार्य सम्पन्न भएको ।
- ❖ हेडवर्क्स निर्माण कार्यको लागि आवश्यक ओपनकट कार्य सम्पन्न भएको। सुन्दरीजलमा पानी प्रशोधन केन्द्र निर्माण कार्य अन्तर्गत भाग - १ (८.५ करोड लिटर) क्षमताको पानी प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भई परिक्षण तथा संचालनका लागि बाग्मती नदी डाइभर्सन सिष्टमको निर्माण सम्पन्न भएको ।
- ❖ लार्के र याङ्ग्री खोलाबाट थप ३४ करोड लिटर पानी काठमाण्डौं उपत्यकामा पथान्तरण गर्ने आयोजनाको दोश्रो चरणको बिस्तृत डिजाइन प्रतिवेदन तयार गर्ने कार्य शुरु भएको। प्रवेश मार्ग तथा पक्की पुलहरुको डिजाइन तथा लागत इष्टिमेट तयार भएको । डिजाईन परामर्शदाताबाट हाल Geophysical Survey तथा Site Exploration गर्ने कार्य भईरहेको।

- ❖ थोक वितरण प्रणाली मुख्य प्रशारण पाइपलाइन जडान कार्य- ३.२५ कि मि र वितरण प्रणाली निर्माण कार्य धारा जडान समेत- ३०.४० कि मि निर्माण कार्य सम्पन्न भएको ।
- ❖ गुहेश्वरीमा रहेका ढलप्रशोधन केन्द्रलाई सुधार विस्तार गरी ३२.४ करोड लिटरको ढलप्रशोधन केन्द्र निर्माण गर्ने कार्य १३% तथा हनुमन्ते तथा मनोहरा नदीको दायाबाया क्षेत्रमा २.८४ कि मि ढल निर्माण गर्ने कार्य सम्पन्न भएको।
- तराइ- मधेस खानेपानी सुधार कार्यक्रम अन्तर्गत १२४ आयोजनाहरुको विस्तृत सर्वेक्षण कार्य सम्पन्न भइ लागत इष्टिमेट प्राप्त भएको। १०६ वटा आयोजनाहरुको Deep Tubewell निर्माण कार्य सम्पन्न भएको तथा थोक वितरण प्रणालीको लागि परामर्शदाता छनौट कार्य प्रारम्भ भएको।

- **आपूर्ति व्यवस्थापन र बजार अनुगमन**

- आसन्न चाडपर्व (दशै, तिहार, छठ लगायत) लाई मध्यनजर गरी मासु, फलफुल, तरकारी, खाद्यान्न, दूध, चिनी, पानी लगायतका खाद्यपदार्थ एवं औषधीको अनुगमन, मूल्यवृद्धि तथा कालोबजारी नियन्त्रण, पेट्रोलियम पदार्थ एवं एलपी ग्यासको सहज एवं सुलभ आपूर्ति, हवाई तथा स्थल यातायातको अग्रीम टिकट बुकिङ्ग तथा सहज र सुलभ रुपमा टिकट वितरण एवं भाडादर व्यवस्थापन गर्ने केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको निर्देशन कार्यान्वयनमा ल्याईएको ।
- दैनिक उपभोग्य वस्तुको कालोबजारी एवं कृतिम अभाव हुन नदिन २०७४ जेठ देखि हालसम्ममा उपत्यका बाहिर र भित्र गरी जम्मा ५४८७ पटक बजार अनुगमन गरी आवश्यक कारवाही गरिएको।
- विशेष अनुगमन मार्फत यहि भाद्र १९ र २१ मा राजधानीका विभिन्न स्थानहरूमा अनुगमन गरी पसल/फर्महरू शिलवन्दी गरी कानुन बमोजिम आवश्यक कारवाही भइरहेको ।
- खाद्यान्न ढुवानी अनुदान कार्यक्रम अन्तर्गत दुर्गमका २२ जिल्लाहरुमा मिति २०७४ जेठ देखि हालसम्ममा २१९७.५२ मे.टन खाद्यान्न ढुवानी गरिएको । २०७४ सालको चाड पर्वलाई लक्षित गरी नुनमा प्रति के.जी रु.२ र चिनीमा प्रति के.जी. रु.५, वासमती चामलमा प्रति केजी रू. १० अन्य चामलहरूमा प्रति केजी रू. ५ छुट गरी

काठमाडौ उपत्यकाका विभिन्न ठाउँहरूमा सहुलियत दरको सुपथ मूल्य पसल संचालन भई बिक्री वितरणको व्यवस्था मिलाइएको। साथै माग भई आएनुसार खोटाङ, रूकुम, सुर्खेत र धनगढीमा सुपथ मूल्य सञ्चालन गर्न स्वीकृत दिइसकिएको ।

- **<u>राष्ट्रिय गौरवको आयोजनाहरुको अनुगमन</u>**

सम्माननीय प्रधानमन्त्रीज्यूबाट राष्ट्रिय गौरवको आयोजनाहरुको अनुगमन गर्नुभएको । सो क्रममा राष्ट्रिय गौरवका आयोजनालाई स्रोत साधनको कमी हुन नदिने सुनिश्चितता गर्दै समयमै निर्माण कार्य सक्ने गरी तिब्रता दिन प्रोत्साहन दिनुभएको ।

अन्त्यमा, उत्पादनशील क्षेत्रमा साधन स्रोतको परिचालन गरी मुलुकमा दिगो एवं उच्च आर्थिक बृद्धिदर हासिल गर्ने कार्यमा सरकार जुटी रहेको छ । अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने उर्जा, भौतिक पूर्वाधार, कृषि, पर्यटन,उद्योग, ब्यापार, लगानी र सूचना प्रविधिको क्षेत्रमा निर्धारण गरेका लक्ष्यहरु प्राप्ति गर्दै राष्ट्रिय अर्थतन्त्रलाई दिगो र सबल बनाउने सरकारको उद्देश्य प्राप्तिमा सरकारका कार्यक्रमहरु केन्द्रित रहेका छन् ।
सरकारले लामो समयसम्म मुलुकमा देखापरेको राजनैतिक अन्यौलता र आम जनमानसमा रहेको निर्वाचन समयमै सम्पन्न हुने/नहुने संशयलाई अन्त्य गर्दै सबैको सहभागीतामा निर्वाचन सम्पन्न गर्ने वातावरण र आधार निर्माण गरेको छ । यसबाट मुलुकमा शान्ति, स्थायित्व र विकासको माध्यमबाट देशलाई समृद्धिको दिशामा उन्मुख गराउने विश्वासको वातावरण बन्दै गएको छ ।
सरकारको सय दिनको समग्र उपलब्धी मूल्यांकन गर्दा कार्यभार सम्हालेकै दिन निर्धारण गरेका आफ्ना प्राथमिकताको सफल कार्यान्वयन हुँदै गएको, राजनैतिक दलहरुबीच सहमती र समन्वयको वातावरण सुनिश्चित हुँदै गएको,संविधान कार्यान्वयन र निर्वाचन समयमै सम्पन्न हुने सुनिश्चितता कायम भएको,आर्थिक परिसूचकहरु सकारात्मक रहेको, समाजमा शान्ति, सुरक्षा र आपसी सद्भाव एवं सहिष्णुता बृद्धि हुँदै गएको, उच्चस्तरको भ्रमण र आपसी छलफलबाट छिमेकी मुलुकहरुसँगको कुटनैतिक सम्बन्ध सुदृढ बन्दै गएको, सेवा प्रवाहमा सुधार आएको, विकास निर्माणका कार्यहरु परिणाममुखी बन्दै

गएको, सदाचार, पारदर्शिता, विधिको शासन प्रबर्द्धन हुँदै गई जवाफदेहीताको माध्यमबाट सुशासन सूचकहरु सकारात्मक बनाउन भई रहेको सरकारको प्रयासले सरकार प्रति जनताको विश्वास र भरोसा बृद्धि हुँदै गएबाट सरकारका सय दिन उपलब्धीपूर्ण रहेका छन् । यस कार्यमा सहयोग पुर्याउने राजनीतिक दलहरु, माननीय सांसदहरु, संचारकर्मीहरु, राष्ट्र सेवकहरु, सुरक्षाकर्मीहरु, निजीक्षेत्र, गैर सरकारी संस्था, नागरिक समाज, गैरआवासीय नेपाली समुदाय, मित्रराष्ट्र एवं अन्तर्राष्ट्रिय संघ संस्था सबैलाई हार्दिक धन्यावाद दिन चाहन्छ र आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा राख्दछ ।

धन्यवाद ।